भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, जुम्ला

# कृषि सिचाई योजना संचालनका लागि सूचिकृत हुने तथा निवेदन पेश गर्ने सम्वन्धी

(३)

सूचना।  सूचना।।  सूचना।।।

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१९

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा बमोजिमका कृषि सिचाई योजनाहरु संचालन गर्न यस जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक समुह, सहकारी संस्था, दर्तावाल उपभोक्ता समितिबाट निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०८२/०६/०८ गते कार्यालय समयावधि) भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजातहरु संलग्न राखी कार्यविधिमा उल्लेखित अनुसूचि ४ बमोजिमको विवरण र कार्ययोजना सहितको निवेदन/प्रस्तावना पेश गर्नहुन अनुरोध छ। सूचनाको अन्तिम दिन यदि कुनै सार्वजनिक विदा पर्न गएमा सो विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गर्न सकिने व्यहोरा सम्वन्धित सवैका जानकारीका लागि सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएका योजनाको निवेदन उपर कुनै कार्वाहि नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी - ९८५८३६६२२७ र कार्यालयको वेवसाइडः adojumla.gov.np मार्फत जानकारी लिन सकिनेछ।

तपसिलः

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वजेट रु. हजारमा | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|
| क. साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | | | |
| १ | खाल्मी जिउला कृषि सिचाइ कुलो rcc तातोपानी गा.पा. १ | १५००।- | ✓ क्लष्टरमा खेतीयोग्य जमिनमा सिचाई हुनुपर्ने ।<br>✓ वढी भन्दा वढी जग्गाको क्षेत्रफल र घरधुरी लाभान्वित भएको हुनुपर्ने ।<br>✓ बिवाद रहित पानीको श्रोत भएको हुनुपर्ने ।<br>✓ प्रस्तावित कार्ययोजना स्पष्ट हुनुपर्ने ।<br>✓ कार्यविधिमा उल्लेखित अनुसूचि बमोजिमको विवरण पुरा भरि छाप सहितको दस्तखत भएको हुनुपर्ने । |
| २ | तुही घोडेसिम सिंचाई कुलो तिला गा.पा. ७ | १५००।- | |
| ३ | घटलाडाडा देखि प्यालीभिडसम्म सिचाई योजना हिमा २ | १५००।- | |
| ४ | थलाहाल्ला सिचाई ट्ङ्की निर्माण योजना हिमा ५ | १५००।- | |
| ५ | धुपीधारा देखि धनेखर्कसम्म सिंचाई पोखरी निर्माण सिंजा गा.पा. ४ | १५००।- | |
| ६ | सिलाम कुलो निर्माण योजना, चन्दननाथ १० | १५००।- | |

३३(१)०५ २०८२/५/१९

राम भक्त अधिकारी
नि. कार्यालय प्रमुख
कृषि अर्थ विज्ञ(सातौं)
२०८२/०५/१९

| | | | |
|---|---|---|---|
| ७ | भैसेकाद खेताने सिचाई योजना हिमा ६ | १५००।- | ✓ स्थानिय जनप्रतिनिधिको रोहवरमा उपभोक्ता समिति गठन गरि सम्वन्धित निकायमा दर्ता गरेर प्यान नम्वर लिएको हुनुपर्ने । |
| ८ | भालीपुरदेखि दोफाट्नासम्म सिचाई योजना, चन्दननाथ ७ | १५००।- | |
| ९ | पुच्छ सिचाइ आयोजना, तातोपानी ७ | १५००।- | |
| १० | पारीवन्तडी घेरवार तथा सिचाई योजन तातोपानी ८ | १५००।- | |
| ११ | झारखेत सिचाई योजना तिला ४ सापुल्ली | १५००।- | |
| १२ | भिडमुनि सिँचाई टंकी निमार्ण तिला ४ | १५००।- | |
| १३ | धनेकोदाडी देखि कुन्जागेसम्म लाप्काचौर सिचाई योजना गुठीचौर ४ | १५००।- | |
| १४ | सर्मी सिचाइ आयोजना, तातोपानी ७ | १५००।- | |
| १५ | तरकारी सिचाइ प्रवर्द्धन कार्यक्रम घोडासिङ वडा ६ | १५००।- | ✓ माथिका सवै विषयवस्तु भएको हुनुपर्ने र प्रदेश मन्त्रालयवाट पालिका तोकेर आए मात्र प्रक्रिया अगाडी वढाईने। |
| ख. कृषि पुर्वाधार बिकास कार्यक्रम | | | |
| १ | सोलार कोल्ड रुम स्थापना तथा संचालन | २०००।- | ✓ वढी भन्दा वढी व्यवसायिक कृषिजन्य उत्पादन कृषक र वाली पकेट क्षेत्र समेटिनु पर्ने ।<br>✓ निर्माणकर्ताको नाममा लाजपुर्जा भएको हुनुपर्ने। (कम्तिमा एक रोपनीको स्वामित्व भएको)<br>✓ सडकको पहुच र थ्रिफेज विधुतिय सुविधा भएको हुनुपर्ने<br>✓ कृषिजन्य उपजहरुको बजारिकरणको संभावना अधिक भएको हुनुपर्ने । |
| २ | कृषि उपज संकलन केन्द्र निर्माण तथा सञ्चालन | १०००।- | |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रममा निवेदन दिनका लागि सूचिकृत हुने तथा कार्यक्रम माग सम्वन्धी अनुसूचि-४ अनुसारको रु १० को टिकट सहितको निवेदन र कृषि व्यवसाय योजना तथा प्रतिवद्धता पत्र

२. स्थानिय जनप्रतिनिधिको रोहवरमा उपभोक्ता समिति गठन गरि कार्यक्रम माग सम्वन्धी कृषक समुह, कृषि सहकारी संस्था तथा उपभोक्ता समितिको निर्णयको प्रतिलिपी ।



२०७८।०८।१५
नि.कार्यलया प्रमुख
कृषि अर्थ विज्ञ(सातौं)

३. गठन गरिएको उपभोक्ता समिति सम्वन्धित निकायमा दर्ता भै सोको प्रमाण पत्र लिई प्यान नम्वर सहितको प्रमाण पत्रको प्रतिलिपी ।

४. मुख्य उपभोक्ताहरुको नागरिकता, जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने (लालपुर्जा र ट्रसनक्शा) प्रमाण पत्रको प्रतिलिपी ।

५. उचित पानीको श्रोत भएको हुनुपर्ने र उक्त श्रोत विवाद रहित/अर्काको भए मन्जुरीनामा हुनुपर्ने

६. व्यक्तिगत जग्गामा वन्ने सिचाई पोखरीको हकमा सम्वन्धित जग्गा धनिको लालपुर्जा नागरिकता र कम्तिमा २० वर्षे मन्जुरीनामा (सवै उपभोक्तालाई उपभोग गर्न दिनेछु भनि उल्लेख गरेको) पत्र

७. संस्था दर्ता प्रमाण - पत्रको प्रतिलिपी ।

८. गत आ.व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी ।

९. कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण ।

१०. प्रस्तावनामा वापतको राजश्व रु ५००। जम्मा गरेको भौचर ।

(राजश्व शिर्षक नं १४२२९ अन्य प्रशासनिक सेवा शुल्क कार्यालयको कोड नं ३१२०१६२०२६ कार्यालय कृषि विकास कार्यालय जुम्ला)

कार्यालयको कोड नं अन्य सेवा शुल्क खर्च शिर्षक नं. १४२२९

११. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र प्रचलित ऐन, नियम तथा कानुन अनुसार हुनेछ भने अन्य कुनै निकायवाट अनुदानको सहयोग लिएको भनि जानकारी हुन आएमा स्वतह रद्द गरिनेछ।

२०७८।११।१५

२०७८।११।१५
राम बहादुर अधिकारी
नि.कार्यालय प्रमुख
कृषि अर्थ विज्ञ(सातौं)